जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३१ अंक २५ २०७८ साल साउन ३२ गते सोमबार (16 Aug. 2021 Monday) मूल्य रु. ५/-

पत्रकार आचारसंहिताको पालना गरौं

पत्रकार तथा सञ्चारमाध्यमले:

- हिंसा र अपराधलाई प्रश्रय दिने,
- आत्महत्या गर्न उक्साउने,
- अश्लिल, सार्वजनिक स्वास्थ्य, शिष्टाचार र नैतिकताको प्रतिकूल हुने,
- त्रास उत्पन्न गर्ने

सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नु हुँदैन ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**Log on : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : कांग्रेसले भदौ २ गतेभित्र ... ३ पृष्ठमा : खोपको व्यवस्थापन र वितरण.नै ३ पृष्ठमा : तालिबान काबुल प्रवेश...

## वर्षाको पानी निकास नहुँदा बजार जलमग्न




**दैनिक समाचारदाता**
**राजविराज, ३१ साउन ।**

तीन दिन देखी परेको निरन्तरको वर्षाले राजविराज नगरको विभिन्न भाग डुवानमा परेको छ । नगरको अधिकांश सडक, टोल, घर वरिपरि जलमग्न भएको छ ।

वर्षा भएपछि पानीको निकासका लागि उचित प्रबन्ध हुन नसक्दा राजविराज नगरपालिकाको बजार क्षेत्रमा पर्ने सिरहा रोड, अदालत रोड, पानी ट्याङ्कि रोड, रुपनी रोड, हिमालय टोल लगायतमा पानी जमेको हो । जसकारण आवागमन निकै कष्टकर बनेको छ ।

वर्षाको पानीले सडक मात्र होइन् राजविराजस्थित बृहत जनाधार व्यवस्थापन कोशी फिल्ड सेन्टर, कृषि ज्ञान केन्द्र, शिक्षा समन्वय इकाई शाखा, गजेन्द्रनारायण सिंह औद्योगिक क्षेत्र, नेपाल रेडक्रस सोसाइटी शाखा, बेल्ही भन्सार लगायतका

*बाँकी तीन पृष्ठमा*

## चोरीका पाँचवटा मोटरसाइकलसहित चार जना पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, ३१ साउन ।**

सप्तरीको सप्तकोशी नगरपालिका ६ स्थित त्रियुगा सहकारी संस्था अगाडीबाट शुक्रबार चोरी भएको एउटा मोटरसाइकलसहित चार जनालाई प्रहरीले पक्राउ गरेको छ भने पक्राउ परेकाहरुबाट अन्य चार वटा चोरीको मोटरसाइकल समेत बरामद गरेको छ ।

चोरी भएका मोटरसाइकलसहित पक्राउ पर्नेहरुमा सुनसरी कोशी गाउँपालिका ८ बस्ने २३ वर्षिय मो.मासुम मियाँ, २१ वर्षिय मो.अकबर, सप्तरी कंचनरुप नगरपालिका १२ बस्ने ३५ वर्षिय पोष्टराज खत्री र उदयपुर बेलटार नगरपालिका १० बस्ने २२ वर्षिय रामहरी श्रेष्ठ रहेका छन् ।

उनीहरुको साथबाट बरामद भएका मोटरसाइकलहरुमा प्रदेश १०५-००४ प.०४८४ न.को पल्सर, प्रदेश १०२-०४१प.३४१८ न.को.बुलेट, बा ९० प.३२७४ न.को होण्डा एक्स आर, प्रदेश २०३-०१३ प.२०५७ न.को.टि.भियस आपाची र स.७ प.९२५७ न.को यमाहा मोटरसाइकल रहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

घट्ना विवरण अनुसार सप्तरी सप्तकोशी ६ स्थित त्रियुगा सहकारी संस्था अगाडीबाट प्रदेश १०५-००४ प.०४८४ नं. को मोटरसाइकल चोरी भएको भनी तत्काल जानकारी प्राप्त भएपश्चात प्रहरीले बिभिन्न स्थानमा प्रहरी परिचालन गरी सवारी साधन चेकजाँच गरेको थियो ।

उक्त चोरी भएको मोटरसाईकल खोजतलास गर्ने क्रममा जिल्लाकै हनुमाननगर कंकालिनी नगरपालिका वडा न. १ स्थित भित्री सडक खण्डमा पर्ने भलुवा चौकमा उत्तरबाट दक्षीणतर्फ गई रहेको उक्त चोरी भएको मोटरसाईकल फेला पारेको प्रहरीले जनाएको छ ।

उक्त चोरीको

*बाँकी तीन पृष्ठमा*

## हार्दिक निमन्त्रणा

सप्तरी जिल्लाको डाक्नेशवरी नगरपालिका ९ पत्थरगाढा अवस्थित रामजानकी कम्प्लेक्स प्राङ्गणमा निर्मित पंचमुखी मनोकामना महादेवलाई श्रावणी सोमबारको अवसर पारेर जल रिसाल र पूजापाठ गर्न सम्पूर्ण भक्तजनहरुलाई हार्दिक निमन्त्रणा गर्दछौं । साथै बिहान ७ बजे देखी भक्तिमय जागरण संर्कितन र व्रतालु वर्गलाई फलाहारको व्यवस्था गरिएको छ ।

अनुरोध कर्ता

**मुनेश्वर पण्डित सम्पुर्ण परिवार एवम् वडाबासी, पत्थरगाढा, सप्तरी**




नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग




नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ, काठमाण्डौं

## सम्पादकीय

### अवैध रक्सीको व्यापार फस्टाउँदै

सप्तरी जिल्लामा अवैध रक्सीको कारोबार फस्टाउँदै गएको छ । सिल प्याक रक्सीमा बढी खर्च हुने र स्थानीय तहमा निर्माण गरिएको रक्सीमा कम मूल्यमा उपलब्ध हुने भएका कारण पनि स्थानीय स्तरमा उत्पादन भएको रक्सीमा सेवनकर्ताहरुको चासो बढ्दै गएको छ ।

चाँडो भन्दा चाँडो नशा दिने किसिमको खुल्ला रक्सीको सेवन गर्नेको संख्या दिनप्रतिदिन बढ्दै गएको छ । सस्तो दरमा रक्सीको बिक्रीबितरण गर्ने यस्ता व्यापारीहरुको संख्या दिनप्रतिदिन बढ्दै गएको छ । सानो घरहरु भएपनि भाडामा लिएर स्थानीयस्तरमा बनाइएको रक्सी बिक्री बितरणको क्रम बढ्दै गएको छ । सस्तो दरमा बिक्री भएपछि जोकोहि पनि आकर्षित हुन्छन् ।

रक्सीको नाममा बिष बेच्नेहरु मोटाउनेछन् भने धेरै एकल महिला बन्ने र बालबालिका टुहुरो बन्दै जाने निश्चित भएका कारण यसप्रति सम्बन्धित निकायको ध्यान जानु आवश्यक छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# कांग्रेसले भदौ २ गतेभित्र क्रियाशील सदस्यता विवाद समाधान गर्ने

काठमाडौँ, ३० साउन (रासस) ।

नेपाली कांग्रेसको केन्द्रीय कार्यसमिति बैठकले केन्द्रीय क्रियाशील सदस्यता छानविन समितिका संयोजक रमेश लेखकले प्रस्तुत गर्नुभएको प्रतिवेदन पारित गरेको छ । आइतबार सम्पन्न बैठकले उक्त प्रतिवेदनमा निर्णय गर्न बाँकी रहेका कार्य पूर्वमहामन्त्री कृष्णप्रसाद सिटौला, केन्द्रीय सदस्य डा. मिनेन्द्र रिजाल र केन्द्रीय सदस्य लेखकले भदौ २ गते भित्र सहमतिमा टुङ्गो लगाई भदौ ३ गते केन्द्रीय सभापतिलाई बुझाउने निर्णय गरेको हो ।

कांग्रेस सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवाको निजी निवास, बूढानीलकण्ठमा यही साउन २८ गतेदेखि प्रारम्भ भइ आइतबार सम्पन्न बैठकमा महामन्त्री पूर्णबहादुर खड्काले प्रस्तुत गर्नुभएको १४ औँ महाधिवेशनको नयाँ कार्यतालिकासम्बन्धी प्रस्ताव सर्वसम्मतिले पारित गरेको छ ।

महाधिवेशनको संशोधित कार्यतालिकाअनुसार गाउँ/नगर वडा अधिवेशन भदौ १८ गते, गाउँ/नगरपालिका अधिवेशन भदौ २७ गते, प्रदेशसभा क्षेत्रीय अधिवेशन असोज १ गते, प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन/एक मात्र प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन असोज ५ गते, एकभन्दा बढी प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन असोज १० गते, प्रदेश अधिवेशन कात्तिक १० देखि १२ गते, केन्द्रीय महाधिवेशन मङ्सिर ९ देखि १३ गतेसम्म काठमाडौँमा हुनेछ ।

**पार्टीको निर्वाचन निर्देशिका पारित**

बैठकले पार्टीका उपसभापति एवं अन्य राजनीतिक दल समायोजन समितिका संयोजक विमलेन्द्र निधिले प्रस्तुत गर्नुभएको प्रतिवेदन पनि पारित गरेको पार्टीका मुख्यसचिव कृष्णप्रसाद पौडेलले जानकारी दिनुभयो । यसैगरी बैठकबाट प्राप्त सुझावलाई समेत ध्यानमा राखी निर्वाचन समितिका संयोजक महादेवप्रसाद यादवको परामर्शमा सहमहामन्त्री डा प्रकाशशरण महत र केन्द्रीय सदस्य डा मिनेन्द्र रिजालले भदौ १ गते सहमतिमा टुङ्गो लगाई भदौ २ गतेभित्र सभापतिलाई बुझाउने गरी पार्टीको निर्वाचन निर्देशिका पारित गरिएको छ ।

पार्टीको १४ औँ महाधिवेशनका लागि गाउँ/नगर/उपमहानगर र महानगरपालिकाको कार्यसमितिको सभापतिको उम्मेदवार क्षेत्रीय प्रतिनिधिबाट हुन पाउने, सभापति बाहेकको कार्यसमितिका पदाधिकारी र सदस्यको उम्मेदवार क्रियाशील सदस्य पनि हुन सक्ने र गाउँ/नगर/उपमहानगर/महानगरपालिका कार्यसमितिमा मतदाता वडा सभापति र क्षेत्रीय प्रतिनिधि हुने व्यवस्था गरिएको छ ।

त्यसैगरी अपाङ्गता भएका व्यक्तिहरूको प्रतिनिधित्वका सन्दर्भमा विधान र नियमावलीमा गरिएको पालिकाका क्रियाशील सदस्यहरूले निर्वाचित गर्ने भनी उल्लेखित गरिएका पदहरूको निर्वाचन वडा सभापति र क्षेत्रीय प्रतिनिधिले गर्ने निर्णय भएको जानकारी सचिव पौडेलले दिनुभयो । कांग्रेसले विदेशस्थित नेपाली जनसम्पर्क समितिको गठन र प्रतिनिधित्वसम्बन्धी कांग्रेसको विधानमा संशोधन गरेको छ । विधानमा गरिएका संशोधन पार्टीको आगामी महाधिवेशनबाट अनुमोदन गरिने छ ।

**पदावधि समाप्त भएका भ्रातृ संस्थाको अवधि छ महिना थप**

बैठकले म्याद समाप्त भएका पार्टी आवद्ध भ्रातृ सङ्घहरू नेपाल विद्यार्थी सङ्घ, नेपाल तरुण दल, नेपाल प्रजातन्त्र सेनानी सङ्घ, नेपाल किसान सङ्घ, नेपाल दलित सङ्घ, नेपाल आदिवासी जनजाती सङ्घ, राष्ट्रिय लोकतान्त्रिक अपाङ्ग सङ्घ, नेपाल तामाङ्ग सङ्घ र नेपाल ठाकुर समाजको पदावधी समाप्त भएको मितिले छ महिना थप गर्ने निर्णय गरेको छ । बैठकमा आइतबार केन्द्रीय सदस्यहरू डा. नारायण खड्का, मानबहादुर विश्वकर्मा, एन.पी. साउद, भीष्मराज आङ्दम्बे, सुरेन्द्रराज पाण्डे, बीरबहादुर बलायर, अमृत अर्याल, विष्णुविक्रम थापा, डा टि.एन. योगी र आमन्त्रित केन्द्रीय सदस्यहरू कुमार खड्का र दिलिप राईले धारणा व्यक्त गर्नुभएको थियो ।

# जलविद्युत् शेयरमा अस्वाभाविक चलखेल, आयोगको जिम्मेवारीमाथि प्रश्न

काठमाडौँ, ३१ साउन (रासस) ।

वित्तीय तथा प्राविधिक अवस्था कमजोर भएका जलविद्युत् कम्पनीका शेयर मूल्य निरन्तर बढेपछि सर्वसाधारण लगानीकर्तामा संशय पैदा भएको छ । पछिल्लो समय शेयर बजारमा जलविद्युत् कम्पनीका शेयर कारोबारमा अस्वाभाविक चलखेल भएको भन्ने आशङ्का सर्वसाधारण लगानीकर्तामा परेको छ ।

नेपाल स्टक एक्चेञ्जमा हालसम्म जलविद्युत् क्षेत्रका ४० कम्पनीका ८३ लाख ६७ हजार ४७९ शेयरको कारोबार हुँदै आएको छ । गत बिहीबारको कारोबार हेर्ने हो भने कूल कारोबार रकमको ३१ प्रतिशत हिस्सा यस क्षेत्रको छ । त्यस दिन रु १७ अर्ब ५० करोडको कूल कारोबार भएको थियो । त्यसमध्ये जलविद्युत् क्षेत्रको रु पाँच अर्ब ५० करोड बराबरको शेयर कारोबार भएको थियो । बिहीबार सबैभन्दा बढी न्यादी हाइड्रोको शेयर रु एक हजार ३४४ मा कारोबार भयो भने सबैभन्दा कम खानीखोलाको रु ३८० मूल्यमा कारोबार भएको थियो ।

जलविद्युत् कम्पनीको शेयरमा अस्वाभाविक चलखेल भएको साधारण लगानीकर्ताले गुनासो गर्दै आएका छन् । ऋण तिर्न नसक्ने, प्रतिशेयर आम्दानी कम तथा खुद मूल्य कमजोर भएका कम्पनीको शेयरमा उछाल आएको तर त्यसप्रति नियमन निकायले कुनै चासो नदेखाएको भन्दै मन्त्रालयमा सर्वसाधारणको गुनासो आउने गरेको छ । पछिल्लो दुई सातादेखि दैनिकजसो मन्त्रालयमा गुनासो आउने गरेको ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले जनाएको छ ।

हुन पनि बजारको कारोबार र शेयर मूल्यको अवस्था हेर्ने हो भने चिलिमे, बुटवल हाइड्रोपावरलगायत कम्पनीको शेयर त्यस्तो आकर्षक देखिएको छैन तर अन्य कम्पनीको मूल्यमा अस्वाभाविकरूपमा बढेको देखिएको छ । पछिल्लो समय डेभलपरको विश्वसनीयता, पानीको बहाव (हाइड्रोलोजी), भौगर्भिक अवस्थाको आधार मानेर भन्दा पनि हल्लाको भरमा शेयर कारोबार भएको जानकार बताउँछन् ।

प्रसारण संरचना, वार्षिक ऊर्जा उत्पादन, तीन वर्षसम्मको खर्च तथा आम्दानी, आयोजनाले प्रभावित क्षेत्रका जनतालाई कतिको विश्वस्त पारेको छ, नियमित साधारणसभा गरेको छ कि छैन भन्नेजस्ता साधारण सूचकको मूल्याङ्कनबिनै शेयरमा हुने चलखेलका विषयमा नियमन निकायले बेवास्ता गरेको सर्वसाधारणको गुनासो छ ।

**नियमन प्रभावकारी किन भएन ?**

निरन्तर गुनासो आएपछि ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसालले विद्युत् नियमन आयोगका पदाधिकारीलाई मन्त्रालय बोलाएर सोबारे जानकारी लिनुभएको छ । उहाँले सर्वसाधारण लगानीकर्ता मर्कामा पर्न नहुने भन्दै त्यसबारे आफ्नो जिम्मेवारी निर्वाह गर्न आयोगलाई आग्रह गर्नुभएको छ ।

जलविद्युत् कम्पनीमा अनावश्यकरूपमा चलखेल गरी अप्राकृतिकरूपमा शेयरको मूल्य बढाई सर्वसाधारण लगानीकर्तालाई जोखिममा पार्ने तथा वास्तविक प्रवर्द्धक ओझेलमा पर्ने स्थिति उत्पन्न नहुने वातावरण बनाउन उहाँले आग्रह गर्नुभएको हो । मन्त्री भुसालले जलविद्युत्को विकासमा जनताको लगानीको प्रतिफललाई सुनिश्चित गर्न तथा स्वस्थ पूँजीको निर्माण गरी सक्षम जलविद्युत् उत्पादन कम्पनीलाई प्रवर्द्धन गर्नुपर्नेमा जोड दिनुभएको छ ।

**लकिङ खुलेपछि छाडा**

विद्युत् नियमन आयोग ऐन, २०६४ र नियमावली, २०७५ अनुसार जलविद्युत् डेभलपरले साधारण शेयर जारी भएको तीन वर्षपछि आफ्नो शेयर बिक्री गर्न पाउँछन् । तीन वर्षको 'लकिङ' अवधि पूरा गरेका ठूला कम्पनीले शेयर मूल्य बढाउन चलखेल गरेको पाइएको छ । पछिल्लो समय बजारमा राइट शेयर र बोनस शेयरको हल्ला चलाउने, आपसी सहमतिमा कारोबार गर्ने तथा शेयर मूल्य बढाउनकै लागि तथ्यहीन सूचना प्रवाह हुने गरेको सर्वसाधारण लगानीकर्ताको बुझाइ छ ।

**बजार प्रभावित गरे कारबाही**

बैंकको ऋणसमेत नियमित गर्न नसक्ने आयोजनाको शेयर निरन्तर 'बुलिस' हुने गरेको अवस्थाबारे विद्युत् नियमन आयोगले नियमन गर्दै आएको छ । जलविद्युत् कम्पनीका लगानीकर्ताले आपसी मिलेमतो गर्ने र आफैं किन्ने तथा सोही समूहका व्यक्तिले अर्को ब्रोकरबाट खरिद गर्दा सर्वसाधारण लगानीकर्ता मारमा पर्ने गरेको गुनासोबारे आयोगका प्रवक्ता डा रामप्रसाद धितालले कानुनअनुसार नियमन भएको दाबी गर्नुभयो । उहाँले विद्युत् नियमन आयोग ऐन, २०७४ र नियमावली, २०७५ बमोजिम कारबाही प्रक्रिया अगाडि बढाउने बताउनुभयो । उहाँले बजारको वास्तविकता बुझेर मात्र शेयर खरिद तथा बिक्री गर्न सर्वसाधारण लगानीकर्तालाई आग्रह गर्नुभयो ।

# भूपू गोर्खा सैनिकको समान सुविधाका लागि पहल गर्न एमालेको माग

काठमाडौँ, ३१ साउन (रासस) ।

नेकपा (एमाले) ले बेलायती सेनाबाट अवकाशप्राप्त भूतपूर्व गोर्खा सैनिकले बेलायती सहकर्मीसरह पेन्सनलगायत समान सुविधा पाउनुपर्ने माग राखेर लामो समयदेखि गर्दै आएको आन्दोलनप्रति गम्भीर भई समस्या समाधानका लागि बेलायत सरकारसँग अविलम्ब कूटनीतिक पहल गर्न माग गरेको छ ।

एमालेका प्रवक्ता प्रदीपकुमार ज्ञवालीद्वारा आइतबार जारी विज्ञप्तिमा बेलायती सेनामा कार्यरत रहेर वीरता, दुःखकष्ट र बलिदानको कीर्तिमान बनाएका भूपू गोर्खा सैनिकले उठाएको समानताको आवाज स्वाभाविक, जायज र मानवीय भएकाले पूर्ववर्ती सरकारले भूपू गोर्खा सैनिकका सरोकारलाई संबोधन गर्न बेलायती सरकारलाई बारम्बार आग्रह गरेको स्मरण गराइएको छ ।

समानताको सिद्धान्तलाई आधार मानेर तथा नेपाल र बेलायतबीचको २०० वर्षभन्दा पुरानो ऐतिहासिक सम्बन्धलाई ध्यानमा राखेर यस समस्याको समाधान गर्न बेलायत सरकारसँग अविलम्ब कूटनीतिक पहलका एमालेले सरकारको ध्यानाकर्षण गराएको हो ।

# खोपको व्यवस्थापन र वितरण नै महामारीविरुद्ध लड्ने मुख्य उपाय हो : प्रधानमन्त्री देउवा

काठमाडौँ, ३१ साउन (रासस)।

प्रधानमन्त्री शेरबहादुर देउवाले कोरानाविरुद्धको खोपको व्यवस्थापन र वितरण नै यो महामारीविरुद्ध लड्ने मुख्य उपाय हो भन्नेमा सरकार पूर्ण विश्वस्त रहेको बताउनुभएको छ।

कान्तिपुर इकोनमिक समिट २०२१ लाई आइतबार भर्चुअल माध्यमबाट सम्बोधन गर्दै उहाँले सरकारले कोभिड-१९ विरुद्धको तत्कालिक, मध्यमकालीन तथा दीर्घकालीन आर्थिक पुनरुत्थानको रणनीतिमा काम गरिरहेको जानकारी गराउनुभयो।

प्रधानमन्त्री देउवाले भन्नुभयो, "एकातिर खोप व्यवस्थापनका लागि आवश्यकपरेमा संसारका हरेक खोप निर्मातासम्म सबै खालका उपाय लगाएर पुग्नेछौँ भने अर्कोतिर पहुँच भएकाले मात्र खोप पाउने स्थिति नबनोस् भनेर खोपको वितरण सामन्यायिक हुने मानवीय आधारको हुने स्थिति पनि बनाउने छौँ।"

यो सप्ताहान्तसम्म पूर्णमात्रामा खोप लगाएका ३२ लाखसहित कूल ७८ लाख जनाले कम्तीमा खोपको पहिलो डोज लगाएका र दैनिक तीन लाख ६७ हजार जनासम्मलाई खोप लगाउन सकिएको अवस्था बनेको उहाँले बताउनुभयो। हाल नेपालमा आइसकेको एक करोड आठ लाख खोपबाहेक आगामी असोजसम्म कम्तिमा अर्को एक करोड खोप मुलुकमा आउने भएको छ। यसबाहेक आगामी चैतसम्म सरकारले खोप लगाउन उपयुक्त सबै जनतालाई खोप लगाएर सक्ने प्रण गरेको प्रधानमन्त्री देउवाले जानकारी दिनुभयो।

"यसका अतिरिक्त अबको हाम्रो कोभिडविरुद्धको रणनीति विज्ञानमा, स्वास्थ्य क्षेत्रका विज्ञको सल्लाहमा आधारित हुनेछ भन्नेमा पनि म सरकार प्रमुखको हैसियतले सबैलाई विश्वस्त गराउन चाहन्छु", उहाँले भन्नुभयो।

**समष्टिगत आर्थिक स्थायित्व कायम राख्ने गरी राहत कार्यक्रम**

प्रधानमन्त्री देउवाले खोपपछिको तत्कालिक अर्थव्यवस्था सञ्चालनको मूल नीति समष्टिगत आर्थिक स्थायित्व कायम राख्ने तथा उपयुक्त राहत कार्यक्रमको ढाँचा तयार गर्नेमा केन्द्रित हुने बताउनुभयो।

गत वर्ष आर्थिक गतिविधि रोकिएर कर्जाको माग कम भएकाले पनि व्याजदर कम भएको थियो। जसले गर्दा ऋण लिएर व्यवसाय गरिरहेका उद्यमीलाई केही राहत भएको थियो। आर्थिक गतिविधि बिस्तारै बढ्दै जाँदा एकातिर कसरी व्याजदर अनियन्त्रितरुपमा बढ्नबाट रोक्ने भन्नेमा सरकारले ध्यान दिनेछ भने अर्कोतिर साना लगानीकर्ता तथा व्यवसायीलाई संरक्षण गर्ने, लघु तथा साना र मझौला उद्योगलाई विभिन्न लक्षित कार्यक्रमबाट समस्या समाधान गर्ने उहाँले उल्लेख गर्नुभयो।

ठूला उद्योगको उत्पादनका लागि माग सिर्जना गर्ने, अनौपचारिक क्षेत्रमा रोजगारी गरिरहेका व्यक्तिले पनि वित्तीय संस्थाबाट सुलभरुपमा ऋण पाउने स्थिति बनाउने र कृषि तथा कृषिजन्य उद्योगको संरक्षण गर्दै किसानको उत्पादन खेर नजाने परिस्थिति सिर्जना गर्नेतर्फ सरकारले ध्यान दिने उहाँको भनाइ थियो।

रमहामारीले पीडित पर्यटन र यातायात क्षेत्रलगायत धेरै मानिसको जमघटमा आधारित पार्टी प्यालेस, डिपार्टमेन्टल स्टोर जस्ता विभिन्न व्यवसायलाई राहत दिनुको अलावा खोपमा प्राथमिकता पनि दिइने सरकारले जनाएको छ। कोभिड-१९ र बाढीपहिराले सँगै असर गरेको अवस्थालाई सरकारले विशेष ध्यान दिनेछ।

मध्यमकालीन आर्थिक नीति खोप तथा महामारीमा कमी आएपछिको मुलुकको पुनरुत्थानको प्रारम्भिक ढाँचा तयार गर्नेमा सरकार केन्द्रित हुने उल्लेख गर्दै प्रधानमन्त्री देउवाले यसअन्तर्गत सरकारले विपन्न वर्गलाई रोजगारीको प्रमुख स्रोत बनेका सडक आयोजना कार्यान्वयनको गति बढाउने, आवश्यक नियम कानून संशोधन गरी उद्योग क्षेत्रमा रोजगारीमूलक लगानी बढाउन आँटिला सुधार गर्ने, अस्पताललाई स्तरोन्नित गर्नेलगायत कार्य गर्ने अवगत गराउनुभयो।

सरकारको दीर्घकालीन रणनीतिअनुसार कोभिड-१९ को महामारीको समग्र असरको आर्थिक तथा भौगोलिक क्षेत्रगत अध्ययनको निष्कर्षमा आधारित हुनेछ। ती निष्कर्ष भविष्यमा स्वास्थ्य मापदण्ड बनाएर त्यसको पालना गराउने, आर्थिक रुपान्तरणकारी आयोजना सम्पन्न गर्ने र शिक्षा तथा सामाजिक सुरक्षालगायतका क्षेत्रको समग्र गुणस्तर बढाउनेसँग सम्बद्ध हुने सरकारको सोच रहेको छ।

# कुखुराको सुलीबाट बिजुली ! ६२ केभिएको जेनेरेटर

चितवन, ३१ साउन (रासस)।

कुखुराको सुलीबाट ६२ केभिएको जेनेरेटर चलिरहेको छ भन्ने सुन्दा अचम्म लाग्न सक्छ। पूर्वीचितवनका व्यवसायी अर्जुन अर्यालले आफ्नै फर्ममा सङ्कलन भएको कुखुराको सुलीबाट बिजुली उत्पादन गरी नयाँ कामको समेत सुरुआत गर्नुभएको छ। उत्पादित बिजुली कुखुराका खोरमा प्रयोग गरिइएको छ। उहाँका अनुसार सुलीबाट मासिक रु एक लाख हाराहारीको विद्युत् उत्पादन भएको छ।

खैरहनी नगरपालिका- १ ज्यामिरेमा रहेको अन्नपूर्ण पोल्ट्री बिडर्स फार्म प्रालीमा जडित बायोग्यास प्लान्टबाट विद्युत् उत्पादन हुँदै आएको हो। फार्मले ६२ केभिएको जेनेरेटर ग्यासबाटै सञ्चालनमा ल्याएको छ। यससँगै तीन फार्मलाई आवश्यकपर्ने विद्युत् यहीबाट उत्पादन भएको छ। फार्मका सञ्चालक अर्यालका अनुसार सुरुमा रु १२ लाख खर्च गरेर ग्यास उत्पादन थालिएको हो। यसको प्रभावकारिता राम्रो देखिएपछि रु एक करोड ६५ लाख खर्च गरेर अत्याधुनिक सिएसटिआर प्रविधिअन्तर्गत ५०० घनमिटरको आधुनिक डोमबाट ग्यास उत्पादन हुँदै आएको छ। यसका लागि विश्व बैंकले ऊर्जा विकास कम्पनीमार्फत रु ५२ लाख अनुदानसमेत दिएको उहाँको भनाइ छ।

सुलीबाट ग्यास उत्पादन भएपछि गन्ध हराउने र मल थप प्रभावकारी हुने भएपछि उहाँ यसप्रति आकर्षित हुनुभएको हो। यससँगै इन्धन बचाउने काममा ग्यास प्रभावकारी भएको छ। निकट भविष्यमा दुई हजार घनमिटरको डोमबाट बायोग्यास उत्पादन गर्ने तयारी उहाँको छ।

उहाँका अनुसार बैंकले प्रस्ताव स्वीकृत गरेको छ। यो परियोजना सम्पन्न हुँदै गर्दा दुई लाख १५ हजार कुखुरालाई आवश्यकपर्ने सम्पूर्ण इन्धन ग्यासबाट पूरा हुनेछ। यसका लागि करिब रु १२ करोड खर्च हुनेछ। सोमध्ये रु चार करोड विश्वबैंकले अनुदान दिने उहाँको भनाइ छ। यसबाट २५० केभिएको जेनेटर चल्नेछ। यसले अत्याधुनिक वातानुकूलित खोरमा आवश्यक विद्युत् पूरा गर्ने उहाँले बताउनुभयो।

अहिले खोरमा एक लाख कुखुरा छन्। केही महिनाभित्रमा दुई लाख १५ हजार पुऱ्याउनका लागि आधुनिक खोर बनिरहेका छन्। नेपालमा उच्चस्तरको केज प्रविधि भित्र्याउने अर्याल सरकारको जागिर छाडेर यो पेशामा लाग्नुभएको हो। विसं २००८ असार ११ गते काठमाडौँको ज्याठामा जन्मिनुभएका उहाँले अर्थशास्त्रमा स्नातकोत्तर गर्नुभएको छ। बुबा अदालतमा जागिर गर्ने हुँदा उहाँले देशका विभिन्न जिल्लामा रहेका जेपी हाइस्कुल, भुटनदेवी हाइस्कुल, ठाकुरराम क्याम्पस, त्रिचन्द्र कलेज, शङ्करदेव क्याम्पसलगायतमा अध्ययन गर्नुभएको हो।

अठार वर्ष नेपाल बैंकमा जागिरपछि तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले अर्याललाई विसं २०५० मा माध्यमिक शिक्षा विकास परियोजनाको निर्देशकमा नियुक्त गरेसँगै उहाँ राजनीतिक नियुक्तितर्फ लाग्नुभएको थियो। लम्जुङका नेपाली कांग्रेसका नेता श्रीकान्त अधिकारी र उदयनाथ अधिकारी लगायतको नाता सम्बन्धका कारण राजनीतिमा प्रवेश गर्नुभएका उहाँ निर्देशक पदबाट हटेसँगै आफ्नै व्यवसाय थाल्नुभएको हो।

उहाँकी बहिनी डिना उपाध्याय अहिले पनि कांग्रेसको केन्द्रीय नेता हुनुहुन्छ। विसं २०५२ मा चितवन झरेर उहाँले कुखुरापालन व्यवसाय शुरु गर्नुभएको हो। उहाँका श्रीमती सुमा अर्यालले जनकपुर चुरोट कारखानाको अधिकृतको जागिर छोडेर यो पेशा अंगाल्नु भएको हो।

अध्ययनका कारण उहाँहरुले सामान्य नभएर अत्याधुनिक प्रविधिमा जानुपर्छ भन्ने सोचका साथ व्यवसाय शुरु गर्नुभएको हो। सो ठाउँमा दुई बिघा १० कठ्ठा जग्गा खरिद गरेर उहाँले अटोमेटिक केजमार्फत व्यवसाय शुरु गर्नुभएको हो। उहाँले भन्नुभयो, "नेपालमा हामीले पहिलो पटक आटोमेटिक केज भित्र्याएका हौँ।" उहाँहरुको क्लोज हाउसमा कटनले बारिएको छ भने पूर्णरुपमा क्लोजहाउस विकास गरिने जनाइएको छ।

उहाँले सुरुमा ६० हजार कुखुरापालनबाट पेशा थाल्नुभएको हो। केजमा उत्पादन भएको अण्डा ठूलो र आकर्षक हुने हुँदा उहाँको अण्डाको माग राम्रो छ। भविष्यमा यस पेशालाई आधुनिक बनाउने उहाँको योजना छ। सत्तरी वर्षका उमेरमा पनि युवाहरुसँग व्यावसायिक प्रतिस्पर्धा गर्न सफल उहाँ पोल्ट्री क्षेत्रमा नेपालमा चिनिएका व्यक्ति हुनुहुन्छ। उहाँ भन्नुहुन्छ, "खेर जाने सुलीलाई उपयोग गर्न सक्यौँ भने कसैका खोरमा विद्युत् किन्नु पर्दैन।" यसो त बायोग्यास बनाउनुपूर्व गन्धका कारण स्थानीयले समयसमयमा विरोध गर्दै आएकामा अहिले खोरभित्रमात्रै होइन, बायोग्यासपछि निस्किएको मलमा गन्ध आउँदैन। यो मलमा नाइट्रोजन प्रशस्त हुने हुँदा उर्वर मानिन्छ। यद्यपि उहाँले खोर वरिपरि अग्लो बार र हरियाली बनाउनुभएको छ। उहाँको फार्म पुग्दा जोकोहीलाई तारे होटल पुगे जस्तो भान हुन्छ।

## *चोरीका पाँचवटा ...*

मोटरसाईकलसहित चालक रामहरी श्रेष्ठलाई प्रहरीले नियन्त्रणमा लिई प्रारम्भिक सोधपुध एंव अनसुन्धान गर्दै जाँदा पक्राउ परेका श्रेष्ठले तीन जना समेतको मिलेमतोमा अन्य मोटरसाईक्ल समेत चोरी गरेको खुलाएपछी प्रहरीले खोजतलासको क्रममा चारै जनालाई चोरीका मोटरसाईकलसहित फेला पारेको हो।

यता बरामद गरिएको मोटरसाइकल र पक्राउ परेका चारैजना प्रतिवादीलाई अदालत उपस्थित गराई म्याद थप गरि थपअनुसन्धान कार्य भईरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

यसैबीच जिल्ला प्रहरी कार्यालय सप्तरीले चालु आ.ब. २०७८/७९ को साउन महिनामा अदालतबाट फैसला भई फैसला कार्यान्वयन अन्तर्गत फरार रहेका १ सय १८ जना प्रतिवादीहरुलाई पक्राउ गरिसकेको जानकारी दिएको छ।

## *वर्षाको पानी ...*

संघसंस्था र कार्यालय पनि जलमग्न भएका छन्। यता ग्रामिण क्षेत्रको अवस्था भने झन बेहाल छ। सडकभरी हिलो नै हिलो छ। हिलाम्मे बाटोमा काम नपरि कोही निस्किदैनन्। बाध्यता पऱ्यो भने मात्र घर बाट निस्कने गरेका छन्।

हरेक वर्ष सामान्य वर्षा हुँदा पनि सडकको अवस्था बेहाल हुने गरेको छ भने वर्षायाममा भने सडक र आसपासमा भएको डुवानले सर्वसाधारणलाई आवतजावतमा समस्या हुनुका साथै दैनिक दिनचर्या गर्न समेत कठिनाई हुनेप्रति सम्बन्धीत निकायलाई कुनै वास्ता छैन्।

# विश्व समाचार

## तालिबान काबुल प्रवेश गरेपछि राष्ट्रपति घानीले देश छोडे

काबुल ३१ साउन (रासस/सिन्ह्वा/एएनआई)।

अफगानिस्तानका राष्ट्रपति अशरफ घानीले आइतबार देश छाड्नुभएको बताइएको छ। विद्रोही तालिबान लडाकूहरू देशको केन्द्रीय राजधानी काबुल प्रवेश गरेपछि उहाँले देश छाड्नुभएको स्थानीय सञ्चार माध्यमहरूलाई उद्धृत गर्दै चिनियाँ समाचार समिति सिन्ह्वाले जनाएको छ। प्राप्त समाचारअनुसार शान्तिपूर्ण तरिकाले सत्ता हस्तान्तरण गर्ने बारेमा छलफल भइरहेका बेला उहाँले देश छोडेर ताजिकिस्तान जानुभएको जनाइएको छ। स्थानीय टोलो समाचारलाई उद्धृत गर्दै राष्ट्रपति घानीले आइतबार साँझ देश छोड्नुभएको नाम नबताउने सर्तमा दुई वटा स्थानीय समाचार स्रोतलाई उद्धृत गरेको छ।

स्रोतका अनुसार तालिबान लडाकूहरूको तर्फबाट अली अहमद जलाली देशको अन्तरिम राष्ट्रपति बन्नु हुनेछ। उहाँका साथमा उहाँका नजिकका केही मानिसहरूले पनि अफगानिस्तान छोडेका छन्। उनीहरूका बारेमा विस्तृतमा केही बताइएको छैन। घानी सरकारका मन्त्रीहरूले भने आम नागरिकलाई धैर्यधारण गर्न र नडराउन आग्रह गरेका छन्। उनीहरूले नागरिकको सुरक्षा हुने आश्वासन दिएका छन्। तालिबान विद्रोहीका प्रवक्ता जबिहुल्लाह मुजाहिदले सामाजिक सञ्जाल ट्वीटर मार्फत राजधानी काबुलस्थित जिल्ला प्रहरी कार्यालय पनि नियन्त्रणमा लिइसकिएको बताएका छन्। यसबारेमा घानी सरकारको तर्फबाट भने कुनै प्रतिक्रिया भएको छैन। आइतबार दिउँसैदेखि तालिबानी लडाकूहरू राजधानी काबुल प्रवेश गरेका थिए।

तालिबान लडाकूहरूले १० दिनको अवधिमा अफगानिस्तानका प्रमुख सहरहरू नियन्त्रणमा लिएका छन्। आफ्नो सरकारले तालिबान विद्रोहीहरूलाई रोक्न नसकेपछि घानी राजीनामा दिनुपर्ने अवस्थामा पुग्नुभएको थियो। तर आइतबार दिउँसोसम्म पनि राष्ट्रपतिको कार्यालयले शान्तिपूर्ण रूपमा सत्ता हस्तान्तरण गर्न वार्ता भइरहेको जनाएको थियो। सरकारी अधिकारीहरूले स्थिति नियन्त्रणमा नै रहेको दाबी गरेका थिए। राष्ट्रपतिको कार्यालयले ट्वीटरमा लेखेको थियो, "काबुलमा फाट्टफुट्ट गोली चलेको छ, काबुलमा आक्रमण भएको छैन। सहरको सुरक्षा सुनिश्चित गर्न देशका सुरक्षा र प्रतिरक्षा फौजहरूले विदेशी साझेदार सँग मिलेर काम गरिरहेका छन्, स्थिति नियन्त्रणमा छ।" तालिबान समूहले भने काबुलमा हिंसा नगर्न र बाहिरिन चाहनेलाई सुरक्षित रूपमा निस्कन दिन लडाकुहरूलाई निर्देशन दिएको थियो। विद्रोहीहरूले देशका अन्य भागलाई आफ्नो नियन्त्रणमा लिन थालेपछि हजारौँ मानिस शरणका लागि काबुल आएका थिए।

## अफगानिस्तानका तालिबान लडाकूहरूद्वारा सयौँ कैदी जेलमुक्त

काबुल, ३१ साउन (रासस/एएनआई)।

अफगानिस्तानको एउटा कारागारबाट तालिबान लडाकूहरूले सयौँ बन्दी कैदीहरूलाई जेलमुक्त गरिदिएका छन्। देशका प्रमुख सहरहरू कब्जा गर्ने क्रममा विद्रोही लडाकूहरूले देशको चारीकार कारागारबाट उनीहरूलाई कारागारमुक्त गरेको हो। कारागारमा थुनिएका आफ्ना लडाकूहरूसहित झण्डै ६०० जनालाई कारागारमुक्त गरिएको विद्रोहीहरूले जानकारी दिएका छन्। कारागार सुरक्षाको जिम्मेवारी लिएका उच्च पदाधिकारीहरूको लापरबाहीका कारण लडाकूहरूले सजिलै कैदीहरूलाई जेलमुक्त गरेको बताएको छ।

कारागारमा लागुऔषध कारोबार, हत्या, चोरीलगायतका अपराधमा संलग्न अपराधिहरूलाई समेत राखिएको थियो। "विद्रोही लडाकूहरूले आक्रमण गरेको कारागारमा राखिएकामध्ये अधिकांश कैदीहरू लागुऔषध कोरोबार, अपहरण, हत्या, चोरीलगायतका अपराधमा संलग्न अपराधीहरू रहेका थिए," जेल प्रशासन निर्देशक सफिउल्लाह जालाल्जैले भन्नुभयो। तालिबान विद्रोहीहरूले जेलमुक्त गराएका ६३० कैदीहरूमध्ये १३ जना महिला र तीन जना विदेशी रहेको पनि अधिकारीहरूले जानकारी दिएका छन्।

त्यसैगरी जेलमुक्त गरिएका कूल कैदीहरूमध्ये १८० जना तालिबान लडाकू नै रहेका छन्। "उनीहरूमध्ये १५ जना नेतृत्व तहका लडाकू थिए, उनीहरूलाई अफगानिस्तान सरकारले आजीवन काराबासको सजाय तोकेको थियो," एक अधिकारीले भने। तालिबान लडाकूहरूले यसअघि निम्रोज प्रान्तको जारान्ज सहरमा रहेको कारागारबाट ३५० जनालाई जेलमुक्त गरेका थिए। उनीहरूमध्ये ४० जना तालिबान लडाकू रहेका थिए। विद्रोही लडाकूहरूले अन्य ठाउँमा रहेका विभिन्न कारागारहरूबाट समेत सयौँ कैदी/बन्दीहरूलाई जेलमुक्त गराएका छन्।

## शक्तिशाली भूकम्पमा परी ३०४ व्यक्तिको मृत्यु, एक हजार ८०० घाइते

मस्को, रूस, ३१ साउन (रासस/एएनआई)।

शनिबार गएको ७.२ रेक्टर स्केलको भूकम्पमा परी मृत्यु हुनेको सङ्ख्या ३०४ पुगेको प्रहरीले पुष्टि गरेको छ। शनिबारको शक्तिशाली भूकम्प पछि आइतबार पुनः५.८ रेक्टर स्केलको नयाँ भूकम्प गएको अमेरिकी भौगर्विक सर्वेक्षण रिपोर्टले जनाएको छ। शक्तिशाली घातक कम्पन आएको एक दिनपछि युरोपेली-भूमध्यसागरीय सिस्मोलोजिकल सेन्टर (इएमएससी) ले आइतबार सो कुरा बताएको हो। ग्रीनवीच समयअनुसार बिहान तीन बजे गएको पछिल्लो भूकम्पको केन्द्रविन्दु दक्षिणी शहर लेस केयेसबाट उत्तरपश्चिमी ४१ किलोमिटर (२५ माइल) ३० किलोमिटर गहिराइमा रहेको बताइएको छ।

शनिबारको भूकम्पमा परी ३०४ जनाको मृत्यु भएको, करिब एक हजार ८०० व्यक्ति घाइते भएका हाइटीका अधिकारीले पुष्टि गरेका छन्। भूकम्पका कारण एक हजारभन्दा बढी घर भत्किएका छन् भने कमजोर संरचना भएका केही जेल तथा थुप्रै सामुदायिक विद्यालयलगायतका भवन भत्किएका छन्। हाइटीको सरकारले भूकम्पपछिको अवस्थालाई व्यवस्थित गर्न एक महिना लामो राष्ट्रिय सङ्कटकाल घोषणा गरेको छ।

# जनप्रतिनिधिले न्याय दिलाउन आलटाल गरेको भन्दै वडा कार्यालयमा तालाबन्दी



**दैनिक समाचारदाता**
**राजविराज, ३१ साउन ।**
सप्तरीको अग्नीसाईर कृष्णासवरण गाउपालिकाको वडा नं. ६ स्थित वडा कार्यालयमा आइतबार स्थानीयहरुले तालाबन्दी गरेका छन् ।

महुली बजारका केही ब्यक्तीले बजारवासीलाई अभद्र ब्यवहार तथा समाजिक सदभाव खलबलाउने खालका गतिबीधी गरेकोमा छानवीन गरी उनीहरुमाथी कारवाहीका लागी पहल गर्न पटक पटक ध्यानाकर्षण गराउदा पनि वडाअध्यक्ष कुशुम आर्चायले आलटाल गरेको भन्दै उनीहरुले वडा कार्यालयमा तालाबन्दी गरेका हुन् ।

आइतबार बिहान कार्यालय खुलेपछि स्थानीय एक पक्षले कर्मचारीलाई बाहिर निकाल्दै ताला लगाएको जनाएका छन् । जनप्रतिनिधीको उदासिनतालाई लिएर आक्रोसित पक्षले चरणबद्ध आन्दोलन गर्ने चेतावनी समेत दिएका छन् ।

महुली बजारका मो.इनामुल आलमले बजारमा अराजक गतिबीधी गर्ने कार्यमा संलग्न समुहलाई झिकाई कार्यवाहीका लागी पहल गर्न पटक पटक लिखित र मौखिक जानकारी गराउदा समेत वडाअध्यक्ष आर्चायले वेवास्ता गरेपछि बाध्य भएर तालबन्दी गर्नु परेको बताए ।

अर्का स्थानीयवासी रामनारायण मेहताले समाजमा उत्पाद मचाउने समुहमाथी कारवाहीको पहलका लागी वडा कार्यालयलाई ज्ञापन पत्र तथा गाउँपालिकाको कार्यालय र इलाका प्रहरी कार्यालय महुलीमा समेत सोको बोद्धार्थ पत्र पठाउदा कसैले चासो नदेखाएको गुनासो पोखे ।

यता वडाअध्यक्ष आर्चायले विवादको मुख्य विषय वडा कार्यालयमा निर्माणाधिन कार्यका लागी गठित उपभोक्ता समितीको कामको विषयलाई लिएर भएको बताएकी छिन् । उनले विपक्षीको उक्साहटमा एक पक्षद्वारा तालबन्दी गरिएको जनाउदै ताला खोलाउन आवश्यक पहल थालिएको जानकारी दिइन् ।

# हत्यामा संलग्नलाई तीन दिनभित्र सार्वजनिक गरिने

उदयपुर, ३१ साउन (रासस) ।
त्रियुगा नगरपालिका- ६ मोहनपुर बस्ने प्रेम चौधरीकी छोरी वर्ष १६ की कृशलाको हत्यामा संलग्नलाई तीन दिनभित्र सार्वजानिक गरिने प्रहरीले जनाएको छ ।

कृशलाको सामूहिक बलात्कारपछि हत्या भएको हुनसक्ने र प्रहरीले हत्यामा संलग्नलाई पक्राउ गरेर सार्वजनिक गर्न ढिलाइ गरेको भन्दै सदरमुकाम गाईघाट बजारसहित विभिन्न सहर बजारमा दैनिक विभिन्न विद्यार्थी सङ्घ सङ्गठन, महिला अधिकारकर्मीले आन्दोलन तथा नारा जुलुस गर्दै आइरहेका छन् ।

यसै क्रममा प्रहरी उपरीक्षक सुवास बोहराले अबका तीन दिनभित्र कृशलाको हत्यामा संलग्न अभियुक्त र हत्याको सबै सत्यतथ्य सार्वजनिक गरिन लागेको बताउनुभयो ।

बुबा प्रेमका अनुसार त्रिनपा- ६ मोहनपुकी कक्षा १० मा अध्ययनरत वर्ष १६ की कृशला यही साउन १३ गते जङ्गलमा घाँस दाउरा गर्न गएकी थिइन् । सोही दिनदेखि उनी बेपत्ता भएको र व्यापक खोजी गर्ने क्रममा साउन १९ गते नजिकैको चुरे जङ्गलस्थित राजदेवी सामुदायिक वनको एकान्त कुनामा उनको शव नचिन्ने अवस्थामा फेला परेको उहाँले बताउनुभयो ।

# सप्तरीका थप दुई संक्रमितको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, ३१ साउन ।**
सप्तरीका एक महिला र एक पुरुष गरि थप दुई जना कोरोना संक्रमितको आइतबार मृत्यु भएको छ ।

होम आइसोलेसनमा बसेकी जिल्लाको सुरुङ्गा नगरपालिका २ की ५८ वर्षीया महिला तथा बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा उपचारका क्रममा रहेका विष्णुपुर गाउँपालिका ६ का ६० वर्षीय पुरुषको मृत्यु भएको हो ।

साउन २५ गते संक्रमित भएर होम आइसोलेसनमा बसेको बेला सुरुङ्गाकी ती महिलाको मृत्यु भएको जिल्ला स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ ।

यस्तै बिरामी भएर उपचारका लागि धरान गएका विष्णुपुर गाउँपालिकाका पुरुषमा शनिबार कोरोना संक्रमण पुष्टि भएको थियो । आइसोलेसनमा राखेर उनको उपचार गरिरहेकै क्रममा आइतबार मृत्यु भएको जिल्ला स्वास्थ्य कार्यालयले जनाएको छ ।

योसँगै सप्तरीमा कोरोना संक्रमणका कारण मृत्यु हुनेको संख्या १ सय ५२ पुगेको छ ।


## हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोरोना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छु गर्दा निस्किने थुक, खकार रसिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन्।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**
- खोकी वा हाच्छु गर्दा मुख छोप्नुपर्छ। मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ। कुनै ब्यक्तिसँग भेटनुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ। यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ।
- भिडभाडमा जानु हुँदैन र अरुलाई पनि भिडभाडमा जान नहुने भनि बुझाउनुस।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस्।

**महत्वपूर्ण सवाल :**
- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न नि:शुल्क टेलिफोन नम्बर ११११ मा फोन गर्न सकिन्छ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग






नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit
City Express Money Transfer — Money Transfer Made Easy
Best Remit — Quick & Easy
Prabhu Money Transfer — प्रभुको इच्छा — रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट — HBL Himalayan Bank Ltd
CG Money — CHAUDHARY GROUP


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेवसाइट** : rajbirajdainik.com.np